# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com








❐ वर्ष : २५ ❐ अंक : २७६ ❐ शनिवार, २ साउन, २०८३ ❐ Saturday, 18 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०


## कर्णालीमा नयाँ सरकार गठनको तयारी तीव्र

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १ साउन

कर्णाली प्रदेशमा नेकपा एमाले र नेपाली कांग्रेसबीचको सत्ता सहकार्य अन्त्य भएसँगै प्रदेशको राजनीतिक समीकरण नयाँ चरणमा प्रवेश गरेको छ। नेपाली कांग्रेसले अब नेकपासँग सहकार्य गर्दै नयाँ सरकार गठनको प्रक्रिया अघि बढाएको छ। यसैक्रममा बिहीबार कांग्रेस संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री जीवनबहादुर शाहीलाई मुख्यमन्त्री बनाउने प्रस्तावसहित कांग्रेस र नेकपाका सांसदहरूले मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध प्रदेशसभा सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गरेका छन्।

हाल मुख्यमन्त्री कँडेलले राजीनामा दिने वा प्रदेशसभामा विश्वासको मत लिने भन्ने विषयमा औपचारिक धारणा सार्वजनिक गरिसकेका छैनन्। यदि उनले पदबाट नहटे वा विश्वासको मत गुमाए भने जीवनबहादुर शाहीको नेतृत्वमा नयाँ सरकार गठन हुने सम्भावना बलियो देखिएको छ।

४० सदस्यीय कर्णाली प्रदेशसभामा सरकार गठनका लागि २१ सांसदको समर्थन आवश्यक पर्छ। नेपाली कांग्रेसका १५ र नेकपाका १४ सांसद गरी दुवै दलसँग २९ सदस्यको स्पष्ट बहुमत रहेको छ। यद्यपि मुख्यमन्त्रीमा सहमति जुटे पनि मन्त्रालयको बाँडफाँट अर्थात् 'पावर सेयरिङ'को विषय भने अझै टुंगो लागेको छैन। नेकपाले यसअघि कांग्रेसले सम्हालेका चार मन्त्रालय आफ्नो भागमा पर्नुपर्ने अडान राखेको छ भने कांग्रेसले दुवै दलबीच तीन-तीन मन्त्रालय बराबरी बाँडफाँट हुनुपर्ने प्रस्ताव अघि सारेको छ।

### भेरी लिफ्ट खानेपानी आयोजना

# वीरेन्द्रनगरको तिर्खा मेट्ने सपना तिव्र गतिमा

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १ साउन

सुर्खेतको वीरेन्द्रनगरमा वर्षौंदेखि दोहोरिँदै आएको खानेपानी अभावको स्थायी समाधानका रूपमा अघि बढाइएको भेरी लिफ्ट खानेपानी आयोजना अहिले तीव्र गतिमा निर्माण भइरहेको छ।

संघीयता कार्यान्वयनपछि संघ प्रदेश र स्थानीय सरकारको संयुक्त लगानीमा सुरु भएको यस आयोजनाले भेरी नदीको पानी लिफ्ट प्रविधिमार्फत उपत्यकामा ल्याएर प्रत्येक घरधुरीमा स्वच्छ खानेपानी पुऱ्याउने लक्ष्य लिएको छ।

आयोजना सम्पन्न भएपछि सन् २०५० सम्म बढ्न सक्ने जनसंख्याको आवश्यकता समेत सहज रूपमा पूरा हुने विश्वास गरिएको छ।

आयोजनालाई प्रभावकारी रूपमा सञ्चालन गर्न दुईवटा प्याकेजमा विभाजन गरिएको छ। पहिलो प्याकेजअन्तर्गत भेरी नदीबाट पानी तानेर प्रशोधन गर्ने प्लान्ट, मुख्य भण्डारण ट्याङ्की र मुख्य पाइपलाइन निर्माण भइरहेका छन्। दोस्रो प्याकेजमा ती ट्याङ्कीबाट वीरेन्द्रनगरका विभिन्न बस्तीमा वितरण पाइपलाइन विस्तार गरी घर-घरमा धारा जडान गरिनेछ। हाल पहिलो प्याकेजका अधिकांश संरचना निर्माणको चरणमा छन् भने दोस्रो प्याकेजका लागि अन्तर राष्ट्रिय स्तरको ठेक्का प्रक्रिया अन्तिम चरणमा पुगेको छ। आयोजना समयमै सम्पन्न गर्न सम्बन्धित निकायले नियमित अनुगमनसमेत गरिरहेका छन्।



## दुई वर्षभित्र घर-घरमा भेरीको पानी

निर्धारित समयमै निर्माण सम्पन्न भए आगामी दुई वर्षभित्र वीरेन्द्रनगरका प्रत्येक घरधुरीमा भेरी नदीको स्वच्छ पानी पुग्ने लक्ष्य राखिएको छ। यससँगै दशकौंदेखि झेल्दै आएको खानेपानी संकट अन्त्य हुने मात्र होइन, भविष्यको बढ्दो जनसंख्यालाई समेत सुरक्षित र दिगो खानेपानी उपलब्ध गराउने नयाँ अध्याय सुरु हुनेछ। भेरी लिफ्ट आयोजना सफल कार्यान्वयन हुन सके वीरेन्द्रनगरको विकास यात्रामा यो सबैभन्दा महत्वपूर्ण पूर्वाधार उपलब्धिमध्ये एक बन्ने निश्चित छ।

## ३० प्रतिशतभन्दा बढी भौतिक प्रगति

खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना वीरेन्द्रनगर आयोजना इकाइका अनुसार १३ भदौ २०८१ देखि सुरु भएको आयोजनाले हालसम्म करिब ३० देखि ३५ प्रतिशत भौतिक प्रगति हासिल गरिसकेको छ। लेकबँसी नगरपालिका-१० मा पानी प्रशोधन केन्द्र निर्माण भइरहेको छ, भने वीरेन्द्रनगर-११ को अमृतडाँडामा ३०-३० लाख लिटर क्षमताका तीनवटा मुख्य जलाशय निर्माण भइरहेका छन्। प्रशोधन केन्द्रबाट मुख्य ट्याङ्कीसम्म पानी पुऱ्याउने पाइपलाइन विस्तारको काम पनि अघि बढेको छ।

त्यस्तै अमृतडाँडाबाट वितरण केन्द्रसम्म बिछ्याइने ३५ किलोमिटर पाइपलाइनमध्ये करिब २८ किलोमिटर सम्पन्न भइसकेको छ। निर्माण कार्य यही गतिमा अघि बढे दुई वर्षभित्र भेरीको पानी उपत्यकामा ल्याउन सकिने प्राविधिकहरूको विश्वास छ।

भेरी लिफ्ट आयोजना विश्व बैंकको सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोगमा निर्माण भइरहेको हो। कुल लागतमा संघीय सरकारले ८० प्रतिशत, कर्णाली प्रदेश सरकारले १३ प्रतिशत र वीरेन्द्रनगर नगरपालिकाले सात प्रतिशत योगदान गरिरहेका छन्  नगरपालिकाले आयोजना सञ्चालनका लागि आवश्यक समन्वय, जग्गा व्यवस्थापन तथा स्थानीय सहजीकरण गरिरहेको छ भने संघीय सरकार र प्रदेश सरकारले आवश्यक बजेट तथा प्राविधिक सहयोग उपलब्ध गराइरहेका छन्।

वीरेन्द्रनगर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि आयोजनामा १८ करोड रुपैयाँ म्याचिङ फण्ड विनियोजन गरेको छ। नगर प्रमुख मोहनमाया ढकालका अनुसार आयोजना निर्धारित समयमा सम्पन्न गर्न स्थानीय सरकार पूर्ण प्रतिबद्ध रहेको छ। प्रदेश सरकारले पनि भेरी लिफ्ट तथा सल्यानको जर्खे लिफ्टिङ खानेपानी आयोजनालाई निरन्तरता दिन ३० करोड रुपैयाँ बजेट व्यवस्थापन गरेको छ। यसले आयोजना कार्यान्वयनलाई थप गति दिने अपेक्षा गरिएको छ।

हाल वीरेन्द्रनगरमा खानेपानीको ठूलो हिस्सा भूमिगत जलस्रोतबाट डिप बोरिङमार्फत आपूर्ति हुँदै आएको छ। तर भूमिगत पानीको अत्यधिक प्रयोग दीर्घकालीन रूपमा दिगो समाधान नभएकाले भेरी नदीको सतही पानी प्रयोग गर्ने नीति लिइएको हो। भेरी लिफ्ट आयोजना सम्पन्न भएपछि अहिले सञ्चालनमा रहेका अधिकांश डिप बोरिङ क्रमशः बन्द गर्दै सतही पानीबाट नियमित आपूर्ति गर्ने योजना बनाइएको छ। यसले भू-जल संरक्षणसँगै वातावरणीय सन्तुलन कायम राख्न पनि सहयोग पुग्ने विश्वास गरिएको छ। वीरेन्द्रनगरमा खानेपानी संकट अहिलेको समस्या होइन। तत्कालीन झुप्रा बृहत् खानेपानी आयोजना निर्माण हुँदा २०७१ सालसम्म करिब बाँकी पृष्ठ ४


## स्वच्छ शहर: स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौं: सुन्दर बनाऔं।**

नेपाल सरकार

विज्ञापन बोर्ड


## कर्णालीका सडकको स्थलगत निरीक्षणमा पूर्वाधारमन्त्री लम्साल

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १ साउन

भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनिल लम्साल कर्णाली राजमार्गको स्थलगत निरीक्षणका लागि शुक्रबारदेखि कर्णाली भ्रमणमा निस्किएका छन्। राजमार्गको वास्तविक अवस्था निर्माण प्रगति तथा आवश्यक सुधारका विषयमा प्रत्यक्ष जानकारी लिन उनी सुर्खेत पुगेका हुन्। मन्त्री लम्सालले शुक्रबार सुर्खेतबाट यात्रा सुरु गरी कालीकोट सदरमुकाम मान्मसम्म पुग्ने कार्यक्रम रहेको छ। त्यसपछि कालीकोट हुँदै जुम्ला-कालीकोट सिमाना नाग्म र त्यहाँबाट मुगुतर्फ जाने सडक खण्डको समेत निरीक्षण गर्ने कार्यतालिका तय गरिएको छ।



प्रतिनिधिसभा सदस्य रमेशकुमार सापकोटाका अनुसार मन्त्री लम्सालले सुर्खेत, दैलेख, कालीकोट हुँदै नाग्मसम्मको कर्णाली राजमार्गको अवस्था अवलोकन गर्नेछन्। त्यसपछि नाग्म-गमगढी सडक खण्डको निरीक्षण गर्दै मुगुदेखि बाजुरा सम्म स्थलमार्गबाट यात्रा गर्ने र बाजुराबाट हवाईमार्ग हुँदै हुम्ला पुगेर त्यहाँका सडक आयोजनाको समेत अनुगमन गर्ने कार्यक्रम रहेको छ। यसअघि राष्ट्रियसभामा बोल्दै मन्त्री लम्सालले आगामी तीन वर्षभित्र कर्णाली सहित देशका मुख्य सडकहरूलाई खाल्डाखुल्डीरहित बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए। सडक मर्मत अब आकस्मिक रूपमा नभई नियमित कार्यतालिका अनुसार सञ्चालन गरिने भएकाले सडकको गुणस्तरमा सुधार आउने उनको भनाइ थियो।


वर्षौंदेखि दुर्घटना र जोखिमका कारण 'मृत्युमार्ग'को रूपमा चिनिँदै आएको कर्णाली राजमार्ग अझै पनि धेरै स्थानमा जीर्ण अवस्थामा रहेको छ। २ सय ३२ किलोमिटर लामो यो राजमार्ग सुर्खेतको वीरेन्द्रनगरदेखि जुम्लासम्म फैलिएको छ। यसमध्ये १ सय ३२ किलोमिटर सडकको जिम्मेवारी सडक डिभिजन कार्यालय सुर्खेत र बाँकी १०० किलोमिटर सडकको जिम्मेवारी सडक डिभिजन कार्यालय जुम्लाले सम्हाल्दै आएका छन्।

यस्तै, नाग्मदेखि मुगुको गमगढीसम्म ९३ किलोमिटर सडक सञ्चालनमा छ भने गमगढीदेखि चीनसँगको नाक्चेनाग्ला नाकासम्म प्रस्तावित ९३ किलोमिटर सडकमध्ये १८ किलोमिटर ट्र्याक खुलिसकेको छ। बाँकी खण्डको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भइसकेको सम्बन्धित निकायले जनाएको छ।

शनिवार

कथा

# छिमेकी दिदी र राजकुमार



✍ अनुराधा पौडेल

मेरी छिमेकी दिदी कामबाट अवकाश हुने तरखरमा छिन्। साठी दशक काटिन् र अनुहारमा मुजाका रेखाहरू गहिरिँदै छन्। दाँतका रङ खुइलिएका छन्। उज्यालो नेदेखेको ऐना हो कि जस्तो लाग्ने यी दाँतहरू अब बिस्तारै फुक्लिने तरखरमा होलान्।

अवकाश हुँदै गर्दा दिदीको यो दशक काम, घर, निद्रा, फेरि कामकै वरिपरि घुमिरह्यो। मार्नौं दैनिकी आफ्नै कक्षमा अनन्तकालदेखि परिक्रमा गरिरहेको ग्रह हो। उनको जीवन, जसले नयाँ क्षितिज देख्ने फुर्सद नै पाएन। दिदीको संसारै सानो र घेरा झन् सानो भयो। मैले कहिल्यै दिदीलाई छुट्टीमा गएको देखिनँ।

रिस उठेपछि हाँडीमा पड्किरहेका मकैझैं शब्दहरू बर्साउने यी दिदीसँग कति बोल्ने, कसरी बोल्ने र कहिले मौन बस्ने भन्ने लय समात्न मैले धेरै समय लगाएँ।

किनभने दिदी अक्सर गुनासाकै पोका बोक्ने। त्यो पनि अति साना कुरामा। कहिले "माथिल्लो तलामा बस्ने महिलाले बिहान-बिहान काममा जाँदा हिल लगाएर हिँड्दा ब्युँझिएँ" भन्ने, कहिले उतापट्टिको कोठामा बस्नेको "लुगा धुने मेसिन घ्वार घ्वार घुम्दा तर्सिएँ" भन्ने। कुनै न कुनै समस्या खोजिरहने र स्वभावै निहुँ खोज्ने खालको हो कि जस्तो लाग्ने भएकाले ठीक्क मात्र सङ्गत गर्नुपर्ने भयो।

जाडोको याम थियो। एक साँझ म ठिहिरिएका गोडा सिरकमुनि यता र उता घुसार्दै निद्रामा झुल्न आँटेकी थिएँ। ढोकामा जोडले कसैले ढकढकायो। झसङ्ग भएँ र ढोका खोलेँ। उनै थिइन् मेरा सामु, भनिन्, "छिमेकीले फेरि हल्ला गरे। साक्षी बसिदेऊ, म पुलिसमा जान्छु।"

झनक्क रिस उठेको थियो। सम्हालिएँ र उनको कोठातिर लागेँ।

कोठाभित्र पस्नासाथ उनैको टिभीको निकै चर्को आवाज कानमा ठोक्कियो। टिभीको आवाजले छिमेकीहरू उठ्लान् भन्ने पिर मान्दै सोधेँ, "हल्ला कहाँबाट आइरहेको छ?"

दिदीले माथि सिलिङतिर देखाउँदै भनिन्, "माथिबाट।"

मैले टिभी बन्द गर्न आग्रह गरेँ। जसै टिभी बन्द भयो, तब कोठामा सन्नाटा छायो। एकछिन पख भनेर इशारा गरिन्। त्यहाँ केही थिएन।

मैले अचम्म मान्दै भनेँ, "मैले त केही सुनिनँ।"

उनी हुँदै नभएको कुरा प्रमाणित गराउन खोजिरहेकी थिइन्। रिसको आवेगले अनुहार रातो थियो।

मैले जवाफ दिनासाथ दिदी भुतभुताइन्, "उसो भए बाहिरबाट आएको छ...भच्याङबाट होला... नभए बर्गैचाबाट होला। कि छिमेकीले हल्ला गरेका छन्। कतै न कतैबाट त आएको आयै छ। तिमीले निर्क्यौल गरिदिनुपऱ्यो यो आवाज कहाँबाट आएको हो।"

कस्तो जवाफ दिऊँ? सोच्दै नसोचेको कुरा भएकाले म अलमल्ल परेँ। कसरी फुत्किऊँ भन्ने भयो। एकछिन धैर्यपूर्वक कुरा सुनेँ। कति समय भयो हल्ला हुन थालेको, कस्तो हल्ला आउँछ। एकैखालको हो कि बहुखालको सोधेँ। उनले थरी थरीका हल्ला सुन्दिरहिछिन् र विशेष गरी कान स्वाँ स्वाँ हुने।

अनि बिस्तारै भनेँ, " तपाईंको कानमा समस्या छ कि जस्तो लाग्यो। चिकित्सककोमा जानुहोला। अनि अर्कोपटक हल्ला हुनासाथ मलाई बोलाउनु होला, तर टिभी चर्को नगर्नु है!"

यति भनेर म फर्किएँ।

मलाई मनमा लाग्यो ; उनी रिसालु छिमेकी भए पनि मेरो केही बिगारेकी छैनन्। हुन सक्छ, उनी एक्लोपनको शिकार छिन् र कानमा पनि समस्या छ। यसै यसै माया लागेर आयो। अरू छिमेकीले बेवास्ता गरे भन्दैमा मैले बिर्सनुपर्ने थिएन अनि बिस्तारै म उनको कुरा सुन्ने साथी बनेँ।

दिदीको सन्तान भन्नु एउटी छोरी रहिछिन्। जन्मँदा देखिनै मस्तिष्कको विकास हामी साधारण मानिसको जस्तो नरहेको। जसलाई अटिजम स्पेक्ट्रममा रहेको अवस्था भन्न सकिने रहेछ। मध्य फ्रान्समा जन्मेकी दिदी कामको सिलसिलामा पेरिस आइपुगेपछि माइतीसँगको सम्बन्ध बिस्तारै टुट्दै गएछ। आमा बाँचुन्जेल गाउँ जान रमाइलै लाग्थ्यो रे। आमाको मृत्यु पछि सम्पत्ति अरुले बढी खाएछन् र उनका भागमा केही हजार मात्र परेछ। त्यो पनि यो र त्यो भनेर हातमा आइपुगेनछ। यता उनलाई पनि लागेछ, काम गर्ने श्रीमान छन्, म आँफै काम गर्छु र भर्खर छोरी जन्मेकी छिन्। यिनको सम्पत्ति नभए पनि केही छैन। आमा गुमाए पनि पारिवारिक जीवन खुशी छ भन्ने लागेछ। तर जब छोरीमा बिस्तारै अटिजमका लक्षण देखिन थाले, तब उनका वास्तविक दुःख शुरू भएछन्।

बेला न कुबेला छोरीमा अति उत्तेजना आउँथ्यो। यस्तो उत्तेजना जुनसुकै बेला रिसको झोँकमा परिणत हुन्थ्यो। कहिले आमामाथि झम्टिन जान्थी छोरी, कहिले छिमेकका अरूमाथि आक्रमण गर्न खोज्थी। कहिले आमालाई भुइँमा पछार्थी, कहिले हातमा जे पऱ्यो त्यही फालेर आफैं पनि भुइँमा पछारिन्थी। उठ्ने र उठाउने, रुने र रुवाउने यही क्रम दोहोरिरहन्थ्यो। छोरीको जीउ पनि थिलो थिलो र आमाको जिउ पनि थिलो।

जीवनदेखि हारेकी, दैवका अगाडि कुनै उपाय नभएकी यी दिदीले अन्ततः काम छाडिन्। त्यसपछि लगभग दुई दशक आफ्नो पूरा समय छोरीकै लागि दिइन्। आफ्ना रहर, सपना र चाहनाहरू सबै एक-एक गर्दै थन्किँदै गए। बाँचेकी थिइन्, तर मरेतूल्य थिइन्। त्यो जीवन न उनका लागि थियो, न उनको समर्पणले नै छोरी ठीक हुन्थिन्। छोरीको हाँसो, रुवाइ, रिस र उत्तेजनाकै बीचमा उनका दिन बिते, रात कटे। कहिलेकाहीं लाग्थ्यो, उनलाई हरेक दिन जीवनको कठिन परीक्षा पास गर्नुछ।

छोरीका बुबा काममा जान्थे, तर घरको जिम्मेवारीमा उनको साथ लगभग थिएन। कामबाट फर्केर आएपछि या छुट्टीका दिन छोरीलाई केही समय दिउन् भन्ने दिदीको चाहना थियो। तर उनी "तेरी छोरी तैंले नै सम्हाल" भन्थे। लोग्नेबाट कुनै पनि प्रोत्साहन या यो काम म आँफै गर्छु भन्ने व्यवहार नपाएपछि घरमा बिस्तारै भनाभन शुरू हुन थाल्यो। छोरीको स्याहारसुसार अब आफ्नो शारिरीक क्षमताभन्दा बाहिर पुग्यो भन्ने बुझेकी दिदीले सरकारी सहयोगको अपेक्षा गर्दै धेरै कुदिन् पनि। आज पनि ठाउँ छैन, भोली पनि छैन भन्दा भन्दै उनी शिथिल भइन्। निकै गलिन्। दिदीको मन बिग्रँदै गयो। कतिसम्म भने दिदी भन्छिन्, "अरू कुरामा त सहयोग पाइनँ, हुँदा हुँदा बिस्तारमा पुगेपछि पनि श्रीमानलाई खुशी पार्न आफैंले नै शारीरिक सम्बन्धका लागि तयार पार्नुपर्थ्यो, आफैंले आफूमाथि चढाउनुजस्तो नैराश्य अवस्था त केही पनि हुनै सक्थेन।"

यो समस्या पनि उहाँका लागि वैवाहिक सम्बन्धको सुख होइन, बरु गहिरो बोझ बनेर रह्यो। सम्बन्धमा आत्मीयताभन्दा कर्तव्यको भार बढी भयो, र त्यो भार पनि एक्लै बहन गर्नुपर्यो।

भावनात्मक रूपमा मन टुटेपछि अन्ततः सम्बन्ध विच्छेद भयो। छोरीले पनि एउटा ठाउँ पाइन्। अब बेला बेलामा छोरी भेट्न गए हुन्छ उनलाई। बाँकी स्याहार सुसार सबै सरकारी तहबाटै मिल्छ। उनका श्रीमान् पुरानै डेरामा बसे। दिदीलाई सरकारले एउटा अपार्टमेन्ट दियो, र संयोगले उनी मेरी छिमेकी बनिन्।

फुर्सदिली भएपछि दिदीले पुनः काम थालिन्। व्यवासायिक जीवनका एक दशक बिते दिदीका। फुर्तीका साथ हरेक बिहान काममा जाने दिदीलाई बेला-बेलामा चाहिने सहयोग तिनै पूर्वश्रीमानबाट पाएको मैले देखेँ। अहिले पनि दुवैको व्यवहार मित्रवत् देख्दा श्रीमान श्रीमतीको सम्बन्धचाहिँ अर्को बिहे गरेर गए पनि ननासिने रहेछ जस्तो लाग्यो।

दिदीको जीवन केही महिना यता आफ्नो पुरानो ताल छोडेर अनौठो मोडतिर बगिरहेको छ। काम गर्न नसक्ने भनेर चिकित्सकले बन्देज लगाएका छन्। सरकारको आर्थिक सहयोगमा जीवन चलिरहेको छ। थोरै हिँड्दा पनि स्वाँ-स्वाँ बढ्ने र घुँडा दुख्ने समस्याले उहाँको दैनिकी थामिएको जस्तो देखिन्छ तर मन भने कहिल्यै रोकिन मान्दैन। जीवनसँग हार नमान्ने स्वभावले दिदीलाई अझै अघि धकेलिरहेछ। अहिले मोबाइल नै उनको नयाँ चौतारी बनेको छ, जहाँ आशा, निराशा र सम्भावनाका साना झिल्का दिनभरि झिलिमिली खेल्छन्। उनको लक्ष्य छ, एकबारको जुनीमा फेरि नयाँ जीवनसाथी खोज्ने। यो यात्रा वास्तवमा वर्षौंदेखि थन्किएका रहरहरूको पुनर्जागरण हो दिदीका लागि। आफ्नो बाटो फेला पारेर उनी फेरि बग्न चाहन्छिन्।

एक दिन उनैले भनिन्, "मेरो घरमा आउन कस्ता कस्ता सँग भेट भयो तिमीलाई भन्छु।"

नभन्दै एक दिन म गएँ। उनीसँग उपन्यासका जस्ता लाग्ने अनेक पात्र रहेछन्। कसैले "ट्युनिसियामा घर बनाउँदै छु, तिमी र म त्यहीं बस्ने हो" भन्दै फोटो पठाएछन्। कसैले "म एक्लो छु, मेरो आफ्नै घर छ" भन्दै बोलाएछन् , तर घरमा बोलाएर आफू भने रक्सी पिएर सुतेछन्। कसैले "तिमीले मेरो टिकट काटिदेऊ, म आउन सकिनँ म यतै अड्किएँ" भन्दै बैंक कार्डको नम्बर मागेछन्। केहीले त गुलाफको बुके नै घरमा पठाएछन्। बाहिरबाट हेर्दा ती सबै भेटहरूमा माया र सम्भावनाको रंग देखे पनि दिदीले सबैलाई परीक्षण गर्दै छाडिन्। ती मध्ये एउटालाई रोजिन्।

यही क्रममा एक दिन उनले भनिन् "मेरा राजकुमार भेटिए।"

नभन्दै एक बिहान दिदीका राजकुमार लिन आए। दुई हप्ता सँगै बसेपछि दिदी फर्किइन्।

नयाँ दुलहीलाई झैं जिस्काउँदै मैले सोधेँ, "अनुभव कस्तो रह्यो?"

दिदीले हाँस्दै जवाफ दिइन् – "अति सुन्दर।"

मैले फेरि जिस्किँदै सोधेँ, "आन्तरिक सम्बन्ध पनि राखियो कि नाइँ?"

दिदी हाँस्नुभयो– " दुइ हप्ता सँगै बस्दा नहुने कुरै भएन नि।"

मैले फेरि सोधेँ, "उमेरले यौनिक इच्छामा फरक पार्दो रहेछ कि रहनेछ?"

दिदीको जवाफ थियो– "पार्दो रहेछ। हतार नभएपछि झन् ढुक्क। आन्तरिक सम्बन्ध हुँदा रमाउने तरिका फरक हुन्छन्। यो पटक फरक थियो र मीठो थियो।"

जीवनको अर्को नयाँ अनुभव बटुलेर आइछिन् दिदी।

राजकुमारले दिदीको कपाल आफ्नो रहर अनुसारको कटाएछन्। लुगा पनि किनिदिएछन्। गेट अप चेन्ज गरिदिएछन्। अवकाशपछि मिलाउनुपर्ने कागजातका कामहरूमा सहयोग गरेछन्। अर्को ठूलो काम भनेको चिकित्सककहाँ लिएर पनि गएछन्।

त्यही क्रममा एमआरआई गर्दा पो थाहा भएछ दिदीको घुँडाभित्रको कुरकुरे हड्डी धुजा धुजा भएर फुटेको रहेछ। फुटेका भागहरू अप्रेसन गरेर निकाल्नुपर्ने अवस्थामा रहेछ। तर यत्रो समयसम्म चिकित्सकहरूले उमेरका कारण घुँडा दुखेको र बाथ भएको अनुमानकै भरमा औषधि दिइरहेका रहेछन्।

"जीवनमा यत्रो लापरवाही भइरहेको रहेछ। छोरीसँग लड्ने उठ्ने हुँदा कुन बेला कति फुटे मेसो भएन," दिदीले थपिन्।

प्रसन्न मुद्रामा देखिएकी दिदीलाई हेरेर म कम्ता खुशी त भइनँ। यति धेरै पीडा बोकेर हिँडेकी दिदीको अनुहारमा फेरि चमक फर्किएको देख्दा मन छोयो।

अचेल दिदीको अनुहारमा फेरि मेकअपको चमक देखिन थालेको छ। मेकअप बाकसमा थन्किएका पुराना परफ्युमका सुगन्धहरू फेरि उहाँको वरिपरि फैलिन थालेका छन्। गालामा रातो रङ पोतेर दिदी फेरि राम्री देखिन थाल्नुभएको छ। मलाई देख्दा मुस्काउनुहुन्छ। माया गर्नुहुन्छ। म पनि दिदीलाई माया दिन्छु।

मलाई लाग्दैछ ; जीवनले फेरि वसन्तको एउटा पात दिदीको हातमा थमाइदिएको छ।

कविता

# जेन जी आखिर तिमी को हौ ?



✍ सन्तोष सरील

हावासरी बहेर आयौ, सबथोक उजाडी गयौ
हुने-नहुने सबथोक भत्काएर कता गयौ
आखिर यहाँ तिमीले खै के पायौ ?
त्यही केही दिनको हाइहाई, केही दिनको गुणगान
जताततै चर्चा बटुल्यौ, केही दिन रमायौ
आखिर तिमीले खै के पायौ ?
जेन जी आखिर तिमी को हौ ?

दुई दिनमै देशको अभिभावक गुमायौं
केही आमाको कोख सदाका लागि रित्यायौ
केहीको वंशनाश गरी सपना मार्‌यौ
खाऊँ-खाऊँ लाऊँ-लाऊँ भनी हिँडेकी अबलालाई
तातो रगत उमाली तातो गोली खान लगायौ
आखिर तिमीले खै के पायौ ?
जेन जी आखिर तिमी को हौ ?

केही गरौंला भनी हिँडेका बटुवालाई
दुई दिनमै तिमीले जित पायौ
शक्ति-सत्ता पनि तिमीले पायौ
पाउन त केही पद, केही आलोचना पायौ
सारा नास गरेर खै आखिर के पायौ
जेन जी आखिर तिमी को हौ ?

खै आखिरमा त्यो जित कसको थियो ?
अनि त्यो लास अनि खरानी कसको थियो ?
सुन्दर तिनै संरचना खै कसको थियो ?
मनायौ उत्सव तिमीले, हार कसको थियो?
आखिर तिमीले खै के पायौ ?
जेन जी आखिर तिमी को हौ ?

कसैको ज्यान खायौ, कसैको रोजगारी
बनायौ आखिरीमा कसैलाई बेरोजगार
जलायौ सबै कुरा त्यो पनि छानी-छानी
खै के चढेको थियो, गऱ्यौ जानी-नजानी
आखिर तिमीले खै के पायौ ?
जेन जी आखिर तिमी को हौ ?

खरानी बनाएर सत्यानास गऱ्यौ
देशलाई सपार्यौ या बिगाऱ्यौ, खै के गऱ्यौ
नसामा गऱ्यौ कि होसमा गऱ्यौ, थाहा छैन
यता सऱ्यौ कि उता सऱ्यौ, थाहा छैन
आखिर तिमीले खै के पायौ ?
जेन जी आखिर तिमी को हौ ?

अझै पुगेन तिमीलाई, दलसम्म खोल्यौ
पूर्वको खोल्यौ कि पश्चिमको खोल्यौ
एकले भएन, दुई-तीनसम्म भयौ
मिलेर हैन, बाझेर शक्ति-सत्ता पायौ
आखिर तिमीले खै के पायौ ?
जेन जी आखिर तिमी को हौ ?

# तातोपानीको बजेट खर्च ७१.६९ प्रतिशत




**काँक्रेविहार संवाददाता**

जुम्ला, १ साउन

तातोपानी गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा विभिन्न क्षेत्रका १२१ वटा विकास योजना सम्पन्न गरेको जनाएको छ। गाउँपालिकाले आठवटै वडामा पूर्वाधार, सामाजिक विकास तथा अन्य विषयगत क्षेत्रअन्तर्गत योजना कार्यान्वयन गरेको हो।

बिहीबार आयोजित वार्षिक समीक्षा कार्यक्रममा प्रस्तुत प्रतिवेदन अनुसार वित्तीय समानीकरण, संघीय तथा प्रदेश सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान, प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमअन्तर्गत ती योजनाहरू सम्पन्न भएका हुन्।

योजना शाखा प्रमुख ओमबहादुर चन्दका अनुसार चालु आर्थिक वर्षमा गाउँपालिकाको समग्र बजेट खर्च ७१.६९ प्रतिशत रहेको छ।

कुल ५५ करोड २४ लाख ७२ हजार छ सय २४ रुपैयाँ बजेटमध्ये पुँजीगततर्फ विनियोजित २० करोड ४१ लाख दुई हजार रुपैयाँमध्ये १० करोड ४४ लाख ३२ हजार नौ सय आठ रुपैयाँ अर्थात् ५२.१० प्रतिशत खर्च भएको छ। यस्तै चालुतर्फ विनियोजित ३५ करोड २० लाख ६० हजार छ सय ६४ रुपैयाँमध्ये २९ करोड १६ लाख ५९ हजार पाँच सय ६८ रुपैयाँ अर्थात् ८२.८४ प्रतिशत खर्च भएको उनले जानकारी दिए।

सम्पन्न भएका एक सय २१ योजनामध्ये २५ वटा योजनाको भुक्तानी भने अझै हुन सकेको छैन। योजना शाखा प्रमुख चन्दका अनुसार समयमै बिल पेश नहुनु, उपभोक्ता सम्पर्कमा नआउनु तथा आर्थिक वर्षको अन्तिम समयमा प्रणाली (सिस्टम) ले काम नगर्नुका कारण करिब एक करोड ५१ लाख ५४ हजार रुपैयाँ बराबरका योजनाको भुक्तानी रोकिएको हो।

गाउँपालिकाले चालु आर्थिक वर्षमा ४४ करोड ४७ हजार रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ, जुन अन्य स्थानीय तहको तुलनामा उल्लेखनीय रहेको दाबी गरिएको छ।

गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले 'समृद्ध तातोपानी' अभियान अन्तर्गत आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार निर्माण, सुशासन तथा प्रशासनिक सुधारका क्षेत्रमा प्राथमिकताका साथ बजेट परिचालन गरिएको बताए।

सीमित स्रोत-साधनका बाबजुद चार वर्षको कार्यकाल उपलब्धिमूलक रहेको उल्लेख गर्दै उनले आगामी वर्ष अझ प्रभावकारी रूपमा काम गर्न सबैको रचनात्मक सहयोग र सुझाव आवश्यक रहेको बताए।

उपाध्यक्ष रेवती रावलले सामाजिक विकासलाई प्राथमिकतामा राखेर काम गरिएको बताइन्। उनका अनुसार सामाजिक विकास शीर्षकमा विनियोजित २२ करोड ७२ लाख ५९ हजार रुपैयाँमध्ये १८ करोड ७७ लाख रुपैयाँभन्दा बढी खर्च गरिएको छ।

आगामी वर्ष भौतिक विकाससँगै सामाजिक रूपान्तरणलाई थप प्रभावकारी बनाउँदै समृद्ध र नमुना तातोपानी निर्माणमा केन्द्रित हुने उनले बताइन्।

प्रमुख प्रशासकीय अधिकृत तीर्थबहादुर कठायतले सुशासन, पारदर्शिता र नागरिक गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन समीक्षा कार्यक्रम आयोजना गरिएको जानकारी दिए। कार्यक्रममा प्राप्त सुझावलाई आगामी नीति तथा कार्यक्रममा समेटिने उनले बताए।

# रोम विधान अनुमोदनका लागि ज्ञापनपत्र

**काँक्रेविहार संवाददाता**

रूकुमपश्चिम, १ साउन

अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) सम्बन्धी रोम विधान अनुमोदन गर्न सरकारसँग माग गर्दै रुकुम पश्चिमका मानवअधिकारकर्मी तथा नागरिक समाजका प्रतिनिधिहरूले शुक्रबार प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन्।

रुकुम पश्चिमका प्रमुख जिल्ला अधिकारी निशानराज गौतमलाई बुझाइएको ज्ञापनपत्र प्रधानमन्त्रीसमक्ष पठाउन आग्रह गरिएको हो।

ज्ञापनपत्रमा नेपालले रोम विधान अनुमोदन गरी अन्तर्राष्ट्रिय मानवअधिकार, न्याय र दण्डहीनता अन्त्य गर्ने प्रतिबद्धतालाई व्यवहारमा उतार्नुपर्ने उल्लेख गरिएको छ।

ज्ञापनपत्रमा मानवअधिकार सञ्जालका प्रतिनिधि अधिवक्ता गणेश हमाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का जिल्ला प्रतिनिधि जीवन खड्का, गैसस महासंघका अध्यक्ष भीमराज ओली, नेपाल बार एसोसिएसनका जिल्ला सचिव टेकबहादुर खड्का तथा अन्तरपार्टी महिला सञ्जालकी अध्यक्ष हिमकुमारी केसीलगायत विभिन्न नागरिक समाजका प्रतिनिधिहरूको हस्ताक्षर रहेको छ।

यस्तै, महिला मानवअधिकार रक्षक सञ्जालकी अध्यक्ष ब्युँझना पुन देवकोटा, नेपाल पत्रकार महासंघ रुकुम पश्चिमका उपाध्यक्ष सुमित्रा केसी, हरप्लेसका प्रतिनिधि महेश केसी, बालविवाहविरुद्धको साझा अभियानका अध्यक्ष गोकर्ण खड्का, छोरी सञ्जालकी जिल्ला सचिव लक्ष्मी रावल, युवा मानवअधिकार रक्षक सञ्जालकी प्रतिनिधि लक्ष्मी खत्री तथा अपाङ्ग बहुउद्देश्यीय पुनर्स्थापना केन्द्रका अध्यक्ष खम्बु रावलले पनि ज्ञापनपत्रमा हस्ताक्षर गरेका छन्।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी गौतमले नागरिक समाजको मागलाई सम्बन्धित निकायसम्म तत्काल पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका छन्।

उनले संक्रमणकालीन न्यायसँग सम्बन्धित विषयलाई शीघ्र टुंग्याउनुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै नागरिकका चासो र सुझावलाई सरकारले गम्भीर रूपमा लिनुपर्ने बताए।

इन्सेकका जिल्ला प्रतिनिधि जीवन खड्काका अनुसार रोम विधान अनुमोदनले गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा न्याय सुनिश्चित गर्न, दण्डहीनता न्यूनीकरण गर्न तथा अन्तर्राष्ट्रिय न्याय प्रणालीप्रति नेपालको प्रतिबद्धता थप बलियो बनाउन सहयोग पुग्ने विश्वासका साथ ज्ञापनपत्र बुझाइएको हो।

# सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्न आग्रह




**काँक्रेविहार संवाददाता**

डोल्पा, १ साउन

जिल्लाको त्रिपुरासुन्दरी नगरपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सबै लाभग्राहीलाई आगामी आर्थिक वर्ष २०८३/०८४ मा पनि भत्ता निरन्तर प्राप्त गर्न परिचयपत्र अनिवार्य रूपमा नवीकरण गर्न आग्रह गरेको छ।

नगरपालिकाले बिहीबार सार्वजनिक सूचना जारी गर्दै सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम नौ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा सात अनुसार सबै लाभग्राहीले तोकिएको अवधिभित्र परिचयपत्र नवीकरण गर्नुपर्ने जनाएको हो।

नगरपालिकाका एमआईएस अपरेटर हरिचन्द्र बिष्टका अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ का लाभग्राहीले २०८३ साउन एक गतेदेखि असोज मसान्तसम्म सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई राष्ट्रिय परिचयपत्रका आधारमा बायोमेट्रिक प्रमाणीकरण गराएर परिचयपत्र नवीकरण गर्नुपर्नेछ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजु कुँवरले तोकिएको समयभित्र परिचयपत्र नवीकरण नगरेमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नबाट वञ्चित हुन सकिने बताए। त्यसबाट उत्पन्न हुने जिम्मेवारी सम्बन्धित लाभग्राही स्वयंले वहन गर्नुपर्ने उनले स्पष्ट पारे।

नवीकरणका लागि लाभग्राहीले सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को अनुसूची तिन बमोजिमको निवेदन, नेपाली नागरिकताको प्रमाणपत्र, सामाजिक सुरक्षा भत्ता परिचयपत्र तथा आवश्यक कागजात अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

विधवा महिला तथा ज्येष्ठ नागरिक एकल महिलाले पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि, अपाङ्गता भएका व्यक्तिले अपाङ्गता परिचयपत्रको प्रतिलिपि तथा बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्र र संरक्षकको नागरिकताको प्रतिलिपि समेत बुझाउनुपर्ने व्यवस्था गरिएको छ।

नगरपालिकाले सबै सामाजिक सुरक्षा भत्ता लाभग्राही तथा सरोकारवालालाई तोकिएको समयभित्र सम्बन्धित वडा कार्यालयमा उपस्थित भई परिचयपत्र नवीकरण गर्न अनुरोध गर्दै समयमै प्रक्रिया पूरा गर्न आग्रह गरेको छ।

# सामुदायिक वन उपभोक्ता समूह सम्मानित

**काँक्रेविहार संवाददाता**

सल्यान, १ साउन

उत्कृष्ट वन व्यवस्थापन, संरक्षण तथा संस्थागत सुशासनमा उल्लेखनीय योगदान पुऱ्याएको भन्दै सल्यानका तीन सामुदायिक वन उपभोक्ता समूहलाई नगदसहित सम्मान गरिएको छ।

डिभिजन वन कार्यालय सल्यानले जिल्ला वन समन्वय समितिको बैठक तथा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समीक्षा कार्यक्रमको अवसरमा उत्कृष्ट कार्यसम्पादन गरेका सामुदायिक वन उपभोक्ता समूहलाई सम्मान गरेको हो।

सम्मानित हुनेमा त्रिवेणी गाउँपालिका पाँच स्थित गाईगौरेनी सामुदायिक वन उपभोक्ता समूह प्रथम, कुमाख गाउँपालिका छ को सरस्वती सामुदायिक वन उपभोक्ता समूह द्वितीय तथा छत्रेश्वरी गाउँपालिका छ को भुवनेश्वरी सामुदायिक वन उपभोक्ता समूह तृतीय भएका छन्।

उनीहरूलाई क्रमशः ३० हजार, २० हजार र १५ हजार रुपैयाँ नगदसहित प्रमाणपत्र प्रदान गरिएको डिभिजन वन कार्यालयले जनाएको छ।

डिभिजन वन कार्यालय सल्यानका प्रमुख टेकबहादुर रावलका अनुसार वन संरक्षण, दिगो व्यवस्थापन, जैविक विविधता संरक्षण, संस्थागत सुशासन



तथा सामुदायिक सहभागितालगायतका सूचकका आधारमा उत्कृष्ट सामुदायिक वन छनोट गरिएको हो।

कार्यालयका अनुसार सल्यानमा हाल छ सय २६ वटा सामुदायिक वन रहेका छन्, जसले ७२ हजार १३.२५ हेक्टर क्षेत्रफल ओगटेका छन्। यी वनबाट ६२ हजारभन्दा बढी घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

जिल्लामा दुई सय वटा कबुलियती वन र दुई वटा धार्मिक वनसमेत रहेका छन्। आर्थिक वर्ष २०८२/०८३ मा वन व्यवस्थापन तथा संरक्षणसँग सम्बन्धित ८३ वटा क्षमता विकास र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको कार्यालयले जनाएको छ। ती कार्यक्रममा तीन हजार एक सय १९ जना सहभागी भएका थिए।

साथै, म्याद सकिएका एक सय ६५ सामुदायिक वनमध्ये एक सय ५१ वटा वनको कार्ययोजना नवीकरण गरिएको छ।

कार्यक्रममा जिल्ला समन्वय समिति सल्यानका प्रमुख बेलाराम रावलले सामुदायिक वन संरक्षणसँगै स्थानीय आयआर्जन, जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन र वातावरणीय सन्तुलन कायम गर्न महत्वपूर्ण रहेको बताए।

उनले वनलाई स्थानीय समृद्धिको आधारका रूपमा विकास गर्दै वन डढेलो नियन्त्रण, अवैध कटानी रोकथाम तथा वन्यजन्तु-मानव द्वन्द्व न्यूनीकरणका लागि सबै पक्षबीच प्रभावकारी समन्वय आवश्यक रहेकोमा जोड दिए।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

# सिमास्तम्भ पहिरो र बाढीको जोखिममा




**काँक्रेविहार संवाददाता**

हुम्ला, १ असार

नेपाल-चीन सीमा क्षेत्र हिल्सामा रहेका तीन वटा सिमास्तम्भ पहिरो र बाढीको उच्च जोखिममा परेका छन् । लामो समयदेखि मर्मत तथा पुनर्निर्माण हुन नसक्दा ती सिमास्तम्भ जीर्ण बन्दै गएको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी बल नम्बर ४४ गुल्मका सशस्त्र प्रहरी नायब उपरीक्षक नन्दबहादुर साउदका अनुसार हिल्सा क्षेत्रमा रहेका सिमास्तम्भमध्ये सात (एक), सात (दुई) र छ (दुई) नम्बरका सिमास्तम्भ तत्काल मर्मत गर्नुपर्ने अवस्थामा पुगेका छन् ।

उनका अनुसार सात (एक) नम्बरको सिमास्तम्भ नेपालतर्फ रहेको छ । भीरको किनारमा रहेको उक्त सिमास्तम्भ आसपास निरन्तर पहिरो जाने भएकाले वर्षायाममा थप जोखिम बढेको छ । लगातार वर्षा वा हिउँ पहिरो आएमा सिमास्तम्भमा क्षति पुग्न सक्ने सम्भावना रहेको उनले बताए । यस्तै, चीनतर्फ रहेको सात (दुई) नम्बरको सिमास्तम्भ नदी किनारमा ढलेको अवस्थामा छ ।

बाढी वा पहिरो आएमा उक्त सिमास्तम्भ बग्ने जोखिम रहेको सशस्त्र प्रहरीले जनाएको छ । चीनतर्फकै छ (दुई) नम्बरको सिमास्तम्भ पनि भित्तातर्फ ढलेको अवस्थामा रहेको छ ।

जोखिममा रहेका सिमास्तम्भको स्थलगत अनुगमन गरिसकेपछि आगामी नेपाल-चीन सीमा सुरक्षा बैठकमा यस विषयलाई प्राथमिकताका साथ उठाइने सशस्त्र प्रहरी नायब उपरीक्षक साउदले जानकारी दिए । उनका अनुसार बैठकमार्फत दुवै देशको संयुक्त सिमास्तम्भ निर्माण समितिलाई मर्मत तथा पुनर्निर्माणका लागि सिफारिस गर्ने तयारी भइरहेको छ ।

संयुक्त समितिले स्थलगत अध्ययन गरी आवश्यक ठहर गरेपछि सिमास्तम्भको मर्मत वा पुनर्निर्माण प्रक्रिया अघि बढाइने व्यवस्था रहेको उनले बताए ।यसअघि भएका सीमा सुरक्षा बैठकमा पनि यी सिमास्तम्भको अवस्थाबारे छलफल भए पनि आवश्यक काम अघि बढ्न नसकेको साउदले बताए ।

यसपटक भने आवश्यक पहल गरी मर्मत प्रक्रिया अगाडि बढाउने तयारी गरिएको उनले उल्लेख गरे । हिल्सा क्षेत्रमा रहेका पाँच, छ, आठ, नौ र १० नम्बरका अन्य सिमास्तम्भ भने सुरक्षित अवस्थामा रहेको सशस्त्र प्रहरीले जनाएको छ ।

# बालविकास शिक्षा कार्यान्वयनमै चुनौती

**काँक्रेविहार संवाददाता**

सुर्खेत, १ असार

सरकारले प्रत्येक बालबालिकालाई विद्यालय प्रवेशअघि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा (ईसीईडी) उपलब्ध गराउने कानुनी व्यवस्था गरेको सात वर्ष बित्न लाग्दा पनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

आवश्यक पाठ्यक्रम, शिक्षक तालिम, सिकाइ मापदण्ड र कार्यान्वयन योजना अभावका कारण प्रारम्भिक बालशिक्षा अझै व्यवस्थित बन्न नसकेको सरोकारवालाले बताएका छन् ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले चारदेखि १३ वर्षसम्मका सबै बालबालिकालाई आधारभूत शिक्षा तथा विद्यालय प्रवेशअघि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि ईसीईडीलाई विद्यालय शिक्षाको पहिलो चरणका रूपमा परिभाषित गर्दै गुणस्तरीय बालशिक्षामा



जोड दिएको छ । यद्यपि अधिकांश सामुदायिक विद्यालयमा बालविकास कक्षा सञ्चालन भए पनि उमेरअनुसारको पाठ्यक्रम, सिकाइ सामग्री र प्रशिक्षित शिक्षकको अभाव रहेको देखिन्छ ।

धेरै विद्यालयमा शिक्षकले आफ्नै अनुभव वा इन्टरनेटबाट सामग्री खोजेर पढाउने गरेका छन् भने अडियो-भिडियो आधारित शैक्षिक सामग्री विकासमा पनि सरकारी प्रगति न्यून रहेको छ ।

शिक्षाविद् केदारभक्त माथेमाका अनुसार विद्यालय सुधारका नाममा भवन, फर्निचर र प्रविधिमा लगानी भए पनि प्रारम्भिक बालविकास शिक्षाको गुणस्तर सुधारमा पर्याप्त ध्यान पुग्न सकेको छैन ।

बालबालिकाको भाषा, सिर्जनशीलता, सामाजिक व्यवहार र सिकाइको आधार तयार हुने यही उमेर सबैभन्दा महत्त्वपूर्ण भएकाले यस क्षेत्रमा गुणस्तरीय लगानी आवश्यक रहेको उनको भनाइ छ ।

शिक्षाविद् विद्यानाथ कोइरालाले पनि ईसीईडी कार्यक्रमको बजेट, व्यवस्थापन र पाठ्यक्रमबारे राज्य स्पष्ट हुन नसक्दा नीति र व्यवहारबीच ठूलो अन्तर देखिएको बताए । उनका अनुसार स्थानीय तहहरूबीच लगानी र सेवा-सुविधामा असमानता रहेको छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले भने स्थानीय तहलाई बालविकास केन्द्रमा सुरक्षित तथा बालमैत्री वातावरण, खेलमुखी सिकाइ, सहजकर्ताको क्षमता विकास तथा नियमित अनुगमन सुनिश्चित गर्न निर्देशन दिएको छ । तर ती निर्देशन प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा सरकारले लिएको सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउने लक्ष्य अझै चुनौतीपूर्ण बनेको छ ।

# ३० प्रतिशतभन्दा...

एक लाख चार हजार जनसंख्यालाई आधार मानेर योजना बनाइएको थियो ।

तर द्वन्द्वकालीन बसाइँसराइ, प्रदेश राजधानी घोषणा र तीव्र शहरीकरणपछि वीरेन्द्रनगरको जनसंख्या अपेक्षाभन्दा धेरै बढ्यो । अहिले करिब ३५ हजारभन्दा बढी घरधुरीलाई खानेपानी आपूर्ति गर्नुपर्ने अवस्था छ । आवश्यक ३ सय ७१ लिटर प्रतिसेकेन्ड पानीको तुलनामा अहिले करिब १ सय ५४ लिटर मात्र उपलब्ध भएकाले गर्मीयाममा खानेपानीको चरम अभाव हुने गरेको छ वीरेन्द्रनगरको बढ्दो पानी संकटलाई समाधान गर्न २०७३ सालमै भेरी नदीको पानी लिफ्ट गरेर ल्याउने अवधारणा अघि सारिएको थियो। त्यसबेला सुर्खेत उपत्यका खानेपानी संस्थाको साधारणसभाले प्रस्ताव पारित गरे पनि विभिन्न प्राविधिक, प्रशासनिक र वित्तीय प्रक्रियाका कारण आयोजना कार्यान्वयनमा आउन केही वर्ष लाग्यो । अब भने परियोजना निर्माणको चरणमा प्रवेश गरिसकेको छ । आयोजना सम्पन्न भएपछि भेरी नदीबाट आउने ५ सय ६० लिटर प्रतिसेकेन्ड पानी र हाल उपलब्ध स्रोत जोड्दा वीरेन्द्रनगरको दीर्घकालीन आवश्यकता सहज रूपमा पूरा हुने प्राविधिकहरूको दाबी छ ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति** : २०८३/०४/०१

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री जमुना खत्री** धनी रहेको, **दर्ता नम्बर** १२७९/०६७/०६८ बाट **वीरेन्द्रनगर-१०, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **खत्री पोल्ट्री फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)